**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको कार्यव्य पथमा नवनिर्मित कर्तब्य भवनको उद्घाटन गर्नुहुनेछ।

- भारत र फिलिपिन्सले उन्नत रणनीतिक साझेदारी अन्तर्गत द्विपक्षीय सहयोगलाई निर्देशित गर्न पाँच वर्षे कार्य योजनालाई अनुमोदन गरेका छन्।

- प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि नया दिल्लीमा स्वामीनाथन शताब्दी अंतर्राष्ट्रीय सम्मेलन को उद्धाटन गर्नुहुनेछ।

- रक्षामन्त्री राजनाथ सिंहको अध्यक्षतामा बसेको रक्षा अधिग्रहण परिषद्ले ६७ हजार करोड रुपियाँ बराबरका विभिन्न प्रस्तावहरूलाई अनुमोदन गरेको छ।

- चेन्नईमा आजदेखि शतरंजको चेन्नई ग्रान्ड मास्टर्स च्याम्पियनसिप शुरु हुनेछ।

**प्रधानमंत्री नरेन्द्र मोदी -कर्तव्य पथ - उद्घाटन**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको कार्यव्य पथमा नवनिर्मित कर्तब्य भवनको उद्घाटन गर्नुहुनेछ। यस अवसरमा प्रधानमन्त्री श्री मोदीले एक सार्वजनिक कार्यक्रमलाई पनि सम्बोधन गर्नुहुनेछ। कर्तब्य भवन सेन्ट्रल भिस्टा परियोजनाको एक अंश हो। प्रशासनिक प्रक्रिया र सुशासनलाई सुव्यवस्थित बनाउने उद्देश्यले भविष्यमा निर्माण हुने केन्द्रीय सचिवालय भवनमध्ये यो पहिलो भवन हो। प्रधानमन्त्री कार्यालय द्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'कर्तब्य भवन निर्माण गर्नुको उद्देश्य दक्षता, नवीनता र सहयोगलाई बढावा दिन विभिन्न मन्त्रालय र विभागहरूलाई एक साथ ल्याउनु रहेको छ। हाल विभिन्न मन्त्रालय र विभागहरू राजधानी दिल्लीका विभिन्न क्षेत्रहरूमा अवस्थित छन्। कर्तब्य भवन लगभग १.५ लाख वर्ग मिटर क्षेत्रमा फैलिएको एक आधुनिक कार्यालय परिसर हो। प्रधानमन्त्री कार्यालयले भनेको छ, 'यो भवन प्रधानमन्त्रीले परिकल्पना गरेको आधुनिक, सक्षम र नागरिक केन्द्रित शासन व्यवस्थाप्रति सरकारको प्रतिबद्धताको ठूलो उपलब्धि साबित हुनेछ।

**1-Byte-anupam**

**भारत - फिलिपिन्स-कार्ययोजना**

भारत र फिलिपिन्सले उन्नत रणनीतिक साझेदारी अन्तर्गत द्विपक्षीय सहयोगलाई निर्देशित गर्न पाँच वर्षे कार्य योजनालाई अनुमोदन गरेका छन्। यो निर्णय प्रधानमन्त्री नरेन्द्र मोदी र फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड रोमुआल्डेज मार्कोस जुनियरको उपस्थितिमा गरिएको हो।पत्रकारहरु सँग बातचित गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले भन्नुभयो- भारत र फिलिपिन्सले आफ्नो कूटनीतिक सम्बन्धको ७५ औं वार्षिकोत्सव मनाइरहेकाले फिलिपिन्सका राष्ट्रपतिको भ्रमणले विशेष महत्व राख्दछ।उहाँले दुई देशबीच प्राचीन कालदेखि नै सम्बन्ध रहेको बताउनु भएको छ।

2-byte p.m bilateral

**राष्ट्रपति द्रौपदी मुर्मु - भारत-फिलीपींस साझेदारी**

राष्ट्रपति द्रौपदी मुर्मूले भारत–फिलिपिन्स साझेदारी दुवै देशका जनताका लागि लाभदायक रहेको अनि यो, यस क्षेत्रको शान्ति, स्थिरता र समृद्धिको आधारशिला भएको बताउनु भएको छ। फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड रोमुआल्डेज मार्कोस जुनियरको भारतको पहिलो राजकीय भ्रमणमा स्वागत गर्नुहुदै राष्ट्रपति मुर्मूले दुई देशबीच ब्यापक सहयोगमा निरन्तर उच्चस्तरीय

संलग्नता, बढ्दो व्यापार र वाणिज्य, समुद्री क्षेत्र साहित् मजबुत रक्षा र सुरक्षा सहयोग तथा विकास साझेदारी समावेश रहेको बताउनु भएकोछ ।

**रक्षा मंत्री राजनाथ सिंह -रक्षा अधिग्रहण परिषद**

रक्षामन्त्री राजनाथ सिंहको अध्यक्षतामा बसेको रक्षा अधिग्रहण परिषद्ले हिज ६७ हजार करोड रुपियाँ बराबरका विभिन्न प्रस्तावहरूलाई अनुमोदन गरेको छ। इन्फेन्ट्री कम्ब्याट भेहिकल बीएमपीको लागि थर्मल इमेजर-आधारित ड्राइभर नाइट साइट खरिदलाई अनुमोदन गरिएको छ।यसले बीएमपीको नाइट ड्राइभिङ क्षमता बढाउनेछ र सेनालाई उच्च गतिशीलता र परिचालन समर्थन प्रदान गर्नेछ। नौसेनाका लागि अपग्रेडेड कम्प्याक्ट अटोनोमस सर्फेस क्राफ्ट, ब्रह्मोस फायर कन्ट्रोल सिस्टम र लन्चर र बाराक–१ पोइन्ट डिफेन्स मिसाइल सिस्टम खरिद का लागि पनि स्वीकृति दिइएको छ। कॉम्पैक्ट ऑटोनोमस सरफेस क्राफ्टको खरीदले एन्टीमरीन युद्ध अभियानहरुमा नौसेनालाई खतराहरू पत्ता लगाउने र वर्गीकृत गर्ने क्षमता प्रदान गर्नेछ। वायु सेनाका लागि माउन्टेन राडार खरिद तथा सक्षम तथा स्पाइडर हथियार प्रणालीको स्तरोन्नतीका लागि स्वीकृति दिइएको छ। एकीकृत एयर कमाण्ड र कन्ट्रोल सिस्टमको एकीकरणको लागी सक्षम र स्पाइडर प्रणालीको बिकासले हवाई प्रतिरक्षा क्षमता बढाउनेछ।

**उत्तराखण्ड-भल पहिरो**

उत्तराखण्डको उत्तरकाशी जिल्लामा,हिज दिउँसो हर्षिल क्षेत्रको धराली गाउँमा बादल फाटेर खीर गंगा नदीमा आएको बाढीले व्यापक विनाशलिला मच्चाएको छ। जिल्ला आपतकालीन सञ्चालन केन्द्र अनुसार, धराली बजार क्षेत्रमा भारी भग्नावशेष बग्दा भवन, होटल र पसलहरूमा व्यापक क्षति पुगेको छ। सेना, राष्ट्रिय आपदा प्रतिक्रिया बल, राज्य आपदा प्रतिक्रिया बल, जिल्ला प्रशासन र अन्य सम्बन्धित टोलीहरू राहत र उद्धार कार्यमा सक्रिय रूपमा संलग्न रहेका छन्। जिल्लापाल प्रशान्त आर्यले प्रारम्भिक जानकारीको आधारमा चार जनाको मृत्यु भएको बताउनु भएको छ। मुख्यमन्त्री पुष्कर सिंह धामी वरिष्ठ अधिकारीहरूसँग निरन्तर सम्पर्कमा रहेर अवस्थाको बारेमा निरन्तर जानकारी लिई रहनुभएको छ l

3 - **Byte- पुष्कर सिंह धामी**

**प्रधानमंत्री नरेंद्र मोदी - एम.एस. स्वामीनाथन शताब्दी अंतर्राष्ट्रीय सम्मेलन - उद्घाटन**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि नया दिल्लीमा स्वामीनाथन शताब्दी अंतर्राष्ट्रीय सम्मेलन को उद्धाटन गर्नुहुनेछ l कृषि विज्ञानको क्षेत्रमा प्रसिद्ध व्यक्तित्व र खाद्य सुरक्षाका अग्रदूत प्रोफेसर .एम.एस. स्वामीनाथनको जन्म शताब्दीको उपलक्ष्यमा भोलिदेखि शनिबारसम्म शतवार्षिकी सम्मेलन आयोजना हुनेछ। कृषि तथा किसान कल्याण मन्त्रालय, भारतीय कृषि अनुसंधान परिषद र राष्ट्रीय कृषि विज्ञान अकादमीको सहयोगमा एम.एस. स्वामीनाथन शोध प्रतिष्ठान एम.एस.एस.आर.एफ ले यस अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्नेछ।

**केन्द्रीय सहकारिता मंत्री अमित शाह - सहकारिता**

केन्द्रीय सहकारिता मन्त्री अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सहकारिता मन्त्रालय सहकारी समितिहरुलाई जीवन्त र सफल व्यवसायिक इकाईहरुमा रूपान्तरण गर्न प्रतिबद्ध रहेको बताउनु भएको छ । उहाँले पाँच वर्षमा दुई लाख बहुउद्देश्यीय सहकारी संस्था स्थापना गर्ने महत्वाकांक्षी लक्ष्य लिएपनि हालसम्म ३५ हजारभन्दा अधिक नयाँ सहकारी समितिहरुको गठन भएको बताउनु भएको छ ।

**भारतीय रिजर्व बैंक मौद्रिक नीति समिति -घोषणा**

भारतीय रिजर्व बैंकका गवर्नर संजय मल्होत्राले आज बिहान 10 बजे मौद्रिक नीति समितिको प्रस्ताव को घोषणा गर्नुहुनेछ। भारतीय रिजर्भ बैंकले फरवरी देखि तीन किस्तामा रेपो दरमा एक सय आधार अंकको कटौती गरेको छ I यसलाई ध्यानमा राख्दै केही विशेषज्ञहरूले आजको घोषणामा यथास्थिति कायम रहने विश्वास व्यक्त गरेका छन् भने केहीले थप २५ अंकको कटौतीको अपेक्षा गरेका छन्।

**भारतीय रिजर्व बैंक मौद्रिक नीति समिति -घोषणा**

भारतीय रिजर्व बैंकका गवर्नर संजय मल्होत्राले आज बिहान 10 बजे मौद्रिक नीति समितिको प्रस्ताव को घोषणा गर्नुहुनेछ। भारतीय रिजर्भ बैंकले फरवरी देखि तीन किस्तामा रेपो दरमा एक सय आधार अंकको कटौती गरेको छ I यसलाई ध्यानमा राख्दै केही विशेषज्ञहरूले आजको घोषणामा यथास्थिति कायम रहने विश्वास व्यक्त गरेका छन् भने केहीले थप २५ अंकको कटौतीको अपेक्षा गरेका छन्।

**कृषि तथा किसान कल्याण राज्यमन्त्री**

कृषि तथा किसान कल्याण राज्यमन्त्री रामनाथ ठाकुरले प्रधानमन्त्री किसान योजनाअन्तर्गत लाभ रकम बढाउने कुनै प्रस्ताव विचाराधीन नरहेको बताउनुभएको छ । लोकसभामा हिज एक प्रश्नको लिखित जवाफमा उहाँले भन्नुभयो - पीएम-किसान योजना एक केन्द्रीय क्षेत्र योजना हो जुन फरवरी २०१९ मा शुरू गरिएको थियो Iयस योजना अन्तर्गत, प्रति वर्ष छ हजार रुपियाँको वित्तीय लाभ तीन समान किस्तामा प्रत्यक्ष लाभ स्थानान्तरण (डीबीटी) मोड मार्फत किसानहरूको आधार सीडेड बैंक खातामा स्थानान्तरण गरिन्छ।

**चेन्नई शतरंज -ग्रैंड मास्टर्स प्रतियोगिता**

चेन्नईमा आजदेखि शतरंजको चेन्नई ग्रान्ड मास्टर्स च्याम्पियनसिप शुरु हुनेछ Iयस प्रतियोगितामा मास्टर्स र च्यालेन्जर्स गरी दुई समुहमा विभाजन गरिएका छन्। मास्टर्सको पहिलो चरणमा आज भारतका ग्रान्डमास्टर अर्जुन इरिगाईसीले अमेरिकाका एभोन्डर लियाङसित र विदित गुजरातीले नेदरल्यान्ड्सका जोर्डन भान फोरिस्ट सित प्रतिस्पर्धा गर्नेछन्।